विधेयक संख्या :

# नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक

२०७१

व्यवस्थापिका – संसद सचिवालय
सिंहदरबार, काठमाडौं

## <u>उद्देश्य र कारण</u>

बैङ्क तथा वित्तीय क्षेत्रको समग्र स्थायित्व कायम गर्न, सर्वसाधारणमा सरल, सहज, गुणस्तरीय बैंकिङ्ग तथा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्न, बैङ्किङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक भएकोले समस्याग्रस्त घोषणा गरिएका बैङ्क तथा वित्तीय संस्थालाई फरफारकमा लैजाने, फरफारकको प्रक्रियामा रहेका बैङ्क तथा वित्तीय संस्थाको सम्पत्ति विक्रीबाट प्राप्त रकम भुक्तानीको प्राथमिकताक्रम निर्धारण गर्ने, बैङ्क तथा वित्तीय संस्था खारेजी लगायतका व्यवस्थाहरु थप गरी नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई समयानुकूल बनाई परिमार्जन गर्न आवश्यक भएकोले प्रस्तुत संशोधन विधेयक पेश गर्नु परेको हो ।

मितिः २०७१।१२।...

(डा. रामशरण महत)
अर्थ मन्त्री

# नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "नेपाल राष्ट्र बैङ्क (दोस्रो संशोधन) ऐन, २०७१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को प्रस्तावनामा संशोधन:** नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "दिगो विकासको निमित्त मूल्य स्थिरता कायम गर्न र शोधनान्तर सुदृढीकरण गर्नका लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गर्न, सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्न, बैङ्किङ्ग तथा वित्तीय प्रणालीको स्वस्थ विकासको लागि उपयुक्त नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न र मुलुकको समग्र बैङ्किङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्नको लागि" भन्ने शब्दहरुको सट्टा "दिगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्नको लागि" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल ऐनको दफा २ मा संशोधन** : मूल ऐनको दफा २ को खण्ड (ल) पछि देहायका खण्ड (ल१) र (ल२) थपिएका छन् :-

"(ल१) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको पुनरावेदन अदालतको वाणिज्य इजलाश सम्झनु पर्छ ।

(ल२) "विशेष प्रशासन समूह" भन्नाले दफा ८८ख. बमोजिम गठन भएको विशेष प्रशासन समूह सम्झनु पर्छ ।"

४. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को उपदफा (१) को,-

(१) खण्ड (क) को प्रारम्भमा "आर्थिक स्थायित्व र" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैङ्किङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैङ्किङ्ग तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनियता अभिवृद्धि गर्ने,"

(३) खण्ड (घ) र (ङ) झिकिएका छन् ।

५. **मूल ऐनको दफा ५ मा संशोधन** : मूल ऐनको दफा ५ को उपदफा (१) को खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएकोछ :-

"(झ१) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुला बजार कारोबार सञ्चालन गर्ने,"

६. **मूल ऐनको दफा ३४ मा संशोधन** : मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएकोछ :-

“३४. **लेखापरीक्षण समिति**: समितिले आफूप्रति उत्तरदायी हुने गरी देहाय बमोजिमको एउटा लेखापरीक्षण समिति गठन गर्नेछः-

(क) समितिले तोकेको एकजना सञ्चालक - संयोजक

(ख) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एकजना - सदस्य

(ग) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागको प्रमुख -सदस्य सचिव”

७. **मूल ऐनको दफा ३९ मा संशोधन** : मूल ऐनको दफा ३९ को उपदफा (१) मा रहेका “एक अर्ब रूपैयाँ” भन्ने शब्दहरूको सट्टा “पाँच अर्ब रूपैयाँ” भन्ने शब्दहरू राखिएकाछन् ।

८. **मूल ऐनको दफा ४० मा संशोधन**: मूल ऐनको दफा ४० को सट्टा देहायको दफा ४० राखिएकोछ :-

“४०. **खुद आय व्ययको गणना**: (१) बैङ्कले प्रत्येक आर्थिक वर्षमा आफ्नो आय ब्ययको बिवरण तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आय ब्ययको बिवरण तयार गर्दा नेपाल लेखामान बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखामानमा समाबेस नभएका क्षेत्रहरुको हकमा अन्तर्राष्ट्रिय लेखा मापदण्डलाई आधारको रुपमा लिनु पर्नेछ ।

(४) आय ब्ययको बिवरण तयार गर्दा बैङ्कलाई प्राप्त भैसकेको आय, बैङ्कले ब्यहोरेको वा ब्यहोर्न बाँकी रहेको ब्यय र खुद मूल्याङ्कन आय वा ब्यय समायोजन गरी खराब वा शङ्कास्पद ऋण तथा सम्पत्तिको ह्रास कट्टी ब्यवस्था घटाई खुद आय यकिन गर्नु पर्नेछ ।”

९. **मूल ऐनको दफा ४१ मा संशोधन** : मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएकोछ :-

“४१. **खुद आयको बाँडफाँड**: (१) कुनै आर्थिक वर्षमा बैङ्कले खुद आय आर्जन गरेमा त्यस्तो आयको बाँडफाँड तथा प्रयोग देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) खुद आयबाट पुनर्मूल्याङ्कन नाफा बराबरको रकमलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा छुट्टयाई राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको रकम छुट्टयाएपछि कायम हुन आउने वितरणयोग्य खुद आयको पाँच प्रतिशत रकम मौद्रिक दायित्व कोषमा, दश प्रतिशतमा नघट्ने गरी समितिले तोकेको रकम साधारण जगेडा कोषमा, पाँच प्रतिशत रकम वित्तीय स्थायित्व कोषमा तथा समितिले तोकेबमोजिमको रकम खुद सञ्चित बचत कोषमा राख्नुपर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम रकम विनियोजन गरिसकेपछि समितिले बांकी बचतबाट नेपाल सरकारको स्वीकृतिमा अन्य कोषमा आवश्यकता अनुसार रकम विनियोजन गरी बाँकी रहन आउने रकम नेपाल सरकारमा दाखिला गर्नुपर्नेछ ।

(घ) साधारण जगेडा कोषमा रकम छुट्याउँदा बैङ्कको वार्षिक बजेटमा उल्लेख भएको पूँजीगत खर्च समेतलाई खाम्ने गरी थप रकम विनियोजन गर्नुपर्नेछ ।

(२) साधारण जगेडा कोष र सञ्चित बचत कोषको रकम बैङ्कको पूँजी वृद्धी गर्नका लागि समेत प्रयोग गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कोषमा जाने रकम बाहेक अन्य रकमका सम्बन्धमा नियममा व्यवस्था भए बमोजिम हुनेछ ।"

१०. **मूल ऐनको दफा ४२ मा संशोधन** : मूल ऐनको दफा ४२ को सट्टा देहायको दफा ४२ राखिएकोछ :-

"४२. **खुद व्ययको बाँडफाँड**: (१) कुनै आर्थिक वर्षमा बैङ्कको आयको तुलनामा व्यय बढी भएको अवस्थामा बढी भएको खुद व्यय रकमलाई देहाय बमोजिम बाँडफाँड गर्नु पर्नेछ :-

(क) खुद व्ययमा पुनर्मूल्याङ्कन आय समेत समावेश भएमा पुनर्मूल्याङ्कन आयलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा राख्नुपर्नेछ ।

(ख) खुद व्ययमा पुनर्मूल्याङ्कन व्यय समेत समावेश भएको अवस्थामा पुनर्मूल्याङ्कन व्ययलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा खर्च लेख्नु पर्नेछ । पुनर्मूल्याङ्कन जगेडा कोषमा रहेको रकम भन्दा पुनर्मूल्याङ्कन व्यय बढी भएमा बढी भएको व्यय रकमलाई देहायको कोष तथा खातामा प्राथमिकता क्रममा खर्च लेखिनेछ :-

(१) सञ्चित बचत कोषमा जम्मा रहेको रकमसम्म सञ्चित बचत कोषमा,

(२) उपखण्ड (१) अनुसार सञ्चित बचत कोषमा समायोजन पश्चात व्यय रकम बाँकी रहेमा साधारण जगेडा कोषमा, र

(३) उपखण्ड (१) र (२) बमोजिम सञ्चित बचत कोष र साधारण जगेडा कोष समायोजन पश्चात व्यय रकम बाँकी रहेमा पूँजी खातामा ।

(ग) खण्ड (क) बमोजिमको पुनर्मूल्याङ्कन आय र खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन व्यय बाहेकको सञ्चालन तथा अन्य व्ययलाई सञ्चित बचत कोषमा खर्च लेख्नु पर्नेछ ।

(घ) सञ्चित बचत कोषमा जम्मा रहेको रकम भन्दा व्यय रकम बढी भएमा बढी व्यय रकमलाई देहायको कोष तथा खातामा प्राथमिकता क्रममा खर्च लेख्नु पर्नेछ :-

(१) साधारण जगेडा कोषमा रहेको रकमसम्म साधारण जगेडा कोषमा,

(२) उपखण्ड (१) बमोजिम साधारण जगेडा कोषमा समायोजन पश्चात व्यय रकम बाँकी रहेमा पूँजी खातामा, र

(२) उपदफा (१) बमोजिम व्ययको बाँडफाँड गर्दा समायोजन हुन नसकेको व्यय नेपाल सरकारले व्यहोर्नेछ ।"

११. **मूल ऐनको दफा ४५ मा संशोधन** : मूल ऐनको दफा ४५ को सट्टा देहायको दफा ४५ राखिएकोछ :-

"४५. **खुला बजार कारोवार सञ्चालन**: (१) बैङ्कले सम्झौता गरी नेपाल सरकारको तर्फबाट जारी गरेको ऋणपत्र वा बैङ्क आफैले जारी गरेको ऋणपत्र तत्काल खरिद वा बिक्री गर्ने वा पछि खरिद वा बिक्री गर्ने गरी खुल्ला बजार कारोबार सञ्चालन गर्नेछ ।

(२) बैङ्कले उपदफा (१) बमोजिमको खुला बजार कारोबार सञ्चालन गर्दा नेपाल सरकारका ऋणपत्रहरु वा बैङ्क आफैले जारी गरेका ऋणपत्रको सुरक्षणमा रिपर्चेज एग्रिमेण्ट वा रिभर्स रिपर्चेज एग्रिमेण्ट गरी अल्पकालिन तरलता व्यवस्थापनको कार्य समेत गर्न सक्नेछ ।

(३) बैङ्कले खुला बजार कारोबार सञ्चालनका लागि अन्य उपयुक्त उपकरण समेत जारी गर्न सक्नेछ ।"

१२. **मूल ऐनको दफा ४९ मा संशोधन**: मूल ऐनको दफा ४९ को,-

(१) उपदफा (१) मा रहेका "६ महिनाको लागि" भन्ने शब्दहरुको सट्टा "एक वर्षको लागि" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) उपदफा (१) वा (२) बमोजिम प्रदान गरिएको कर्जा तोकिए बमोजिमका शर्तहरुको अधीनमा रही थप एक वर्षका लागि नवीकरण गर्न सकिनेछ ।"

१३. **मूल ऐनको दफा ५९ मा संशोधन**: मूल ऐनको दफा ५९ को ठाँउ ठाउँमा रहेका "तथा सिक्का" भन्ने शब्दहरु झिकिएका छन् ।

१४. **मूल ऐनको दफा ७९ मा संशोधन**: मूल ऐनको दफा ७९ को उपदफा (४) पछि देहायको उपदफा (४क) थपिएकोछ :-

"(४क) बैंङ्कले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने प्रयोजनको लागि बाणिज्य बैंङ्क तथा वित्तीय संस्थालाई ग्राहक पहिचान र ग्राहकको जोखिम वर्गीकरण तथा व्यवस्थापन गर्ने, रकम स्थानान्तरण, निक्षेप लगायतका सीमा वा शंकास्पद कारोबारको विवरण प्रचलित सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून बमोजिम स्थापित वित्तीय जानकारी इकाईमा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।"

१५. **मूल ऐनको दफा ८४ मा संशोधन** : मूल ऐनको दफा ८४ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएकोछ :-

"(६) यस दफा बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा विशेषज्ञले आफूले गरेको निरीक्षण तथा सुपरिवेक्षणको प्रतिवेदन तोकिएको अवधि भित्र गभर्नर समक्ष पेश गर्नु पर्नेछ ।"

१६. **मूल ऐनको दफा ८६ख. मा संशोधन** : मूल ऐनको दफा ८६ख. को खण्ड (छ) मा रहेको "खारेजी (लिक्वीडेशन)" भन्ने शब्द पछि "वा फरफारक" भन्ने शब्दहरू थपिएका छन् ।

१७. **मूल ऐनको दफा ८६ग. मा संशोधन**: मूल ऐनको दफा ८६ग. को उपदफा (१) मा रहेका "त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई" भन्ने शब्दहरुको सट्टा "त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको

व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई वा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिलाई" भन्ने शब्दहरु राखिएका छन् ।

१८. **मूल ऐनको दफा ८६च. मा संशोधन** : मूल ऐनको दफा ८६च. को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिमको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण प्रतिवेदन वा बैङ्कद्वारा नियुक्त अधिकारीको प्रतिवेदनको आधारमा बैङ्कले तोकेको मापदण्डको अधीनमा रही आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड र नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाका प्रतिनिधि तथा अन्य बाह्य विशेषज्ञ समेत समावेश गरी गठन भएको समितिले निर्धारण गरिदिएको मूल्य भुक्तानी पाउने गरी कुनै शेयरधनीलाई निजको नाममा रहेको शेयरको स्वामित्व बैङ्कले उचित ठहराएको कुनै व्यक्तिलाई बिक्री, वितरण तथा हस्तान्तरण गर्न सार्वजनिक सूचना प्रकाशन गरी आदेश दिन सक्नेछ ।"

१९. **मूल ऐनको दफा ८६छ. मा संशोधन** : मूल ऐनको दफा ८६छ. को सट्टा देहायको दफा ८६छ. राखिएको छ :-

"८६छ. **फरफारकमा लैजान सक्ने** : कुनै समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाउपर दफा ८६ग. बमोजिमको कारबाही चलाउँदा वा दफा ८६ङ. बमोजिमको सुधारात्मक उपाय अवलम्बन गर्दा वा दफा ८६च. बमोजिमको उपचारात्मक कार्य गर्दा समेत त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले पूरा गर्नु पर्ने दायित्व पूरा गर्न असमर्थ भएको वा राम्रोसँग सञ्चालन हुन नसक्ने अवस्थामा पुगेको कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई परिच्छेद ९क. बमोजिम फरफारकको प्रक्रियामा लैजाने निर्णय गर्न सक्नेछ ।"

२०. **मूल ऐनको दफा ८६ज. मा संशोधन** : मूल ऐनको दफा ८६ज. को,-

(१) उपदफा (२) झिकिएकोछ ।

(२) उपदफा (३) मा रहेको "दामासाहीमा" भन्ने शब्द पछि "वा फरफारकमा" भन्ने शब्दहरू थपिएका छन् ।

२१. **मूल ऐनमा परिच्छेद-९क. थप** : मूल ऐनको परिच्छेद ९ पछि देहायको परिच्छेद-९क. थपिएकोछ :-

"परिच्छेद-९क.

**फरफारक सम्बन्धी व्यवस्था**

८८क. **फरफारकको कार्य गर्न सक्ने बैङ्कको अधिकार**: (१) बैङ्कले देहायको कुनै अवस्थामा कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारकको कार्य अगाडि बढाउन सक्नेछः-

(क) पूर्ण वा आंशिकरुपमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा,

(ख) सुपरिवेक्षकीय विश्लेषणका आधारमा सो विश्लेषण सम्बन्धी कार्य समाप्त भएको मितिले नब्बे दिन भित्र भुक्तानी गर्नु पर्ने दायित्वहरु पुरा गर्न नसक्ने अवस्था भएमा,

(ग) खुद सम्पत्ति भन्दा दायित्व वढी भएमा,

(घ) बैङ्कले तोकेका सवै प्रकारका पूँजी तथा कोषहरुले समेत खाम्न नसक्ने गरी घाटामा गएमा,

(ङ) बैङ्कले दफा ८६छ. बमोजिम फरकफारकको प्रकृयामा लैजाने निर्णय गरेमा ।

(२) कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्था उपर रहेको निक्षेपकर्ता तथा सुरक्षित साहूको दावीलाई फरफारक गर्ने गराउने अधिकार बैङ्कलाई मात्र हुनेछ ।

(३) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारक सम्बन्धी कार्य गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति विक्री गरी प्राप्त रकमबाट व्यहोरिनेछ ।

८८ख. **विशेष प्रशासन समूहको गठन सम्बन्धी व्यवस्था** : (१) दफा ८८क. बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारकको कार्य अगाडि बढाउने निर्णय भएमा बैङ्कले सो प्रयोजनका लागि तोकिए बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट वढीमा तीन जना व्यक्ति रहेको विशेष प्रशासन समूह गठन गरी सो मार्फत सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारकको कार्य अगाडि बढाउन सक्नेछ ।

(२) बैङ्कले विशेष प्रशासन समूहका सबै वा कुनै सदस्यको काम सन्तोषजनक नभएमा निजलाई तोकिए बमोजिम पदमुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पदमुक्त गर्नु अघि निजलाई मनासिब माफिकको समय दिई सुनुवाइको मौका दिनु पर्नेछ ।

(४) बैङ्कले फरफारक सम्बन्धी कार्य सम्पन्न नहुँदै विशेष प्रशासन समूहका सदस्यलाई पदमुक्त गरेमा सो स्थानमा तोकिए बमोजिमको योग्यता पुगेका व्यक्तिलाई बाँकी अवधिका लागि नियुक्त गर्न सक्नेछ ।

(५) विशेष प्रशासन समूहका सदस्यको पारिश्रमिक कार्य सम्पादनसँग आबद्ध हुने गरी तोकिए बमोजिम हुनेछ ।

८८ग. **विशेष प्रशासन समूहको काम, कर्तव्य तथा अधिकार**: (१) विशेष प्रशासन समूहलाई सम्बन्धित बाणिज्य बैङ्क वा बित्तीय संस्थाको साधारणसभा, संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार हुनेछ ।

(२) उपदफा (१) को अधीनमा रही विशेष प्रशासन समूहलाई सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको चल, अचल सम्पत्तिको व्यवस्थापन गर्ने, कुनै सम्पत्ति तथा दायित्व फरफारक गर्ने तथा सो बाणिज्य बैङ्क वा वित्तीय संस्था सञ्चालन गर्ने सम्बन्धमा देहायका अधिकार हुनेछ :-

(क) बाणिज्य बैङ्क वा वित्तीय संस्थाको विक्री हुन बाँकी पूरै वा आशिंक शेयर नयाँ व्यक्तिलाई विक्री गर्ने,

(ख) कुनै कारोबार सञ्चालन गर्न एवं प्रणालीगत दृष्टिकोणले नियमित रुपमा सञ्चालन गर्न सकिने खास कार्य गर्न अन्य कुनै संस्थालाई जिम्मा दिने वा त्यस्तो कार्य

सञ्चालन गर्नको लागि केही समयको लागि छुट्टै पूल संस्था (व्रीज इन्ष्टिच्यूसन) वा इकाइ स्थापना गर्ने,

(ग) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्था वा सो बाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै सहायक कम्पनीको कुनै वा सबै कारोबार वा सम्पत्ति बिक्री गर्ने,

(घ) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको अन्य कुनै व्यक्ति वा संस्थामा रहेको सम्पत्ति वा हक अधिकार बिक्री गर्ने ।

(३) विशेष प्रशासन समूहलाई फरफारकको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सम्बन्धमा देहाय बमोजिमको अन्य अधिकार समेत हुनेछ :-

(क) फरफारकको काम कारवाही अगाडि बढाउन विशेष प्रशासन समूहले आफूले आवश्यक ठानेका कागजात सम्बन्धित व्यक्तिबाट पेश गर्न लगाउने,

(ख) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेका शेयर वा अन्य उपकरणको स्वामित्व हस्तान्तरण गर्ने वा गर्न लगाउने,

(ग) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको निश्चित अधिकार, सम्पत्ति वा दायित्व अर्को व्यक्तिमा हस्तान्तरण गर्ने,

(घ) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेका शेयर वा अन्य उपकरणलाई खारेज गर्ने,

(ङ) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेका वा त्यसको कुनै वा सवै शेयरधनीले धारण गरेको शेयर वा अन्य स्वामित्व सम्बन्धी उपकरण तोकिए बमोजिमको आधारमा अन्य कुनै व्यक्तिको नाममा नामसारी गर्ने,

(च) अग्राधिकार शेयर वा पूँजी सम्बन्धी अन्य उपकरण जारी गर्ने,

(छ) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति संरक्षण र हेरचाह गर्न आवश्यक देखिएका  सबै कदमहरु चाल्ने ।

(४) यस दफा बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारक सम्बन्धी कार्य गर्दा विशेष प्रशासन समूहले देहायको कार्य गर्न आवश्यक पर्ने छैन :-

(क) फरफारकको प्रक्रियामा रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्थाका शेयरधनी, निक्षेपकर्ता वा साहू लगायतका सार्वजनिक वा निजी क्षेत्रका कुनै व्यक्तिहरुको पूर्व स्वीकृति लिन,

(ख) यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा वाहेक कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सूचित गर्न ।

(५) विशेष प्रशासन समूहले यस ऐन बमोजिमको फरफारक सम्बन्धी कार्य प्रारम्भ गरेको एक वर्ष भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

तर विशेष प्रशासन समूहले गरिरहेका फरफारकसँग सम्बन्धित कुनै कार्य तोकिएको समयमा सम्पन्न हुन नसकेमा आवश्यकता र औचित्यताको आधारमा बैङ्कले विशेष प्रशासन समूहको कार्यावधि थप गर्न सक्नेछ ।

(६) विशेष प्रशासन समूहले सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको तर्फबाट देहायका कुनै वा सवै कार्यहरु समेत गर्न सक्नेछ :-

(क) निक्षेप संकलन गर्ने तथा कुनै पनि कर्जा प्रदान गर्ने बाहेक बाणिज्य बैङ्क वा वित्तीय संस्थाले गरिरहेका अन्य काम कारवाहीलाई निरन्तरता प्रदान गर्न,

(ख) बाणिज्य बैङ्क वा वित्तीय संस्थाले गरिआएका कुनै काम कारवाही स्थगित वा वन्द गर्न,

(ग) बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति धितो राखी वा नराखी कर्जा लिन,

(घ) बाणिज्य बैङ्क वा वित्तीय संस्थाको दायित्वको भुक्तानी रोक्न वा सोका लागि सीमा निर्धारण गर्न,

(ङ) बाणिज्य बैङ्क वा वित्तीय संस्थाको लागि आवश्यक पदाधिकारी, कर्मचारी वा व्यवसायिक सल्लाहकारलाई नियुक्त गर्न वा बर्खास्त गर्न,

(च) विशेष प्रशासन समूहले आवश्यक ठानेको विषयमा छलफल तथा निर्णय गर्ने प्रयोजनको लागि निक्षेपकर्ता तथा साहूहरुको सभा वोलाउन,

(छ) बाणिज्य बैङ्क वा वित्तीय संस्थाको नामबाट कुनै कानूनी प्रतिरक्षा गर्न, वा

(ज) फरफारकसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न वा गराउन ।

(७) विशेष प्रशासन समूहलाई सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्था तथा सो का सहायक कम्पनीको कार्यालय, वहिखाता, अभिलेख, सम्पत्ति तथा सूचना प्रविधि प्रणाली माथि पहूँच राख्ने तथा नियन्त्रण गर्ने पूर्ण अधिकार हुनेछ ।

(८) विशेष प्रशासन समूहले आफ्नो नियन्त्रणमा रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्थाको पूरै वा मुख्य सम्पत्ति अन्य कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने वा अर्को कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति प्राप्त गरी एक आपसमा गाभिन उपयुक्त ठानेमा सो सम्बन्धमा प्रचलित कानून बमोजिम प्रस्ताव सहितको निवेदन बैङ्कमा पेश गर्नु पर्नेछ । यसरी प्रस्ताव सहितको निवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो निवेदनलाई स्वीकार वा अस्वीकार गर्ने सम्बन्धी निर्णय लिनु पर्नेछ ।

(९) बाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थितिका आधारमा उपलव्ध रकम मध्ये फरफारकको प्रक्रियामा लाग्ने अनुमानित खर्च तथा प्रचलित कानून बमोजिमका अन्य खर्चका लागि आवश्यक पर्न सक्ने रकमको विवरण तयार गरी परिपक्व भैसकेको निक्षेप दायित्वको भुक्तानी गर्न उपलव्ध हुन सक्ने रकम मध्येबाट सो दायित्व वापतको रकम एकैपटक वा किस्तावन्दीमा फिर्ता गर्ने वा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यसरी भुक्तानी गर्दा एकै वर्गका निक्षेपकर्ता तथा साहूहरुलाई समान व्यवहार गर्नु पर्नेछ ।

(१०) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्था उपर निक्षेपकर्ता र साहूले पेश गरेका दावीको वैधता निर्धारण, दावी भुक्तानी, दायित्व निर्धारण तथा ग्राहकको व्यक्तिगत सम्पत्ति फिर्ता गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(११) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रशासन समूहले बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति विक्री गर्दा तोकिए बमोजिमका आधारमा न्यूनतम मूल्य निर्धारण गरी लिलाम, सिलवन्दी प्रस्ताव, वार्ता जस्ता एक वा एक भन्दा बढी तरिकाबाट पारदर्शी र व्यवसायिक दृष्टिकोण राखी बिक्री गर्न सक्नेछ ।

(१२) विशेष प्रशासन समूहले बाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय विवरण, सो संस्थाको सम्पत्ति विक्रीको योजना र सो सम्बन्धमा आफ्नो दृष्टिकोण, सो संस्थाको दायित्वको पूर्वानुमान वा सोको भुक्तानीको तरिका, सम्पत्तिको वास्तविक हस्तान्तरण र दायित्वको अनुमान सहितको विवरण तोकिए बमोजिम समय समयमा बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(१३) विशेष प्रशासन समूहले सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको नयां शेयर जारी गर्न, सम्पत्ति विक्री गर्न, धितोपत्रिकरण (सेक्यूरिटाइजेशन) को लागि सम्पत्ति एकिकृत गर्न, दायित्वको पूर्वानुमान गर्ने व्यवस्था गर्न वा त्यस्ता कार्यहरुको व्यवस्थापन गर्न आवश्यक ठानेमा प्रचलित कानून बमोजिम सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्य गर्न स्थापित कुनै निकाय वा कम्पनीलाई सो कार्य गर्ने जिम्मा दिन सक्नेछ । त्यस्ता निकाय वा कम्पनीलाई सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको निस्कृय कर्जा, मूल्याँङ्कन गर्न कठिन सम्पत्ति तथा दायित्व विक्री गर्ने अधिकार समेत हस्तान्तरण गर्न सक्नेछ ।

८८घ. **फरफारकको अवधिभर अधिकार स्वतः निलम्बन हुने** : (१) फरफारकको प्रक्रियामा रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत र अन्य पदाधिकारीको अधिकार फरफारकको अवधिभर स्वतः निलम्वन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रशासन समूहले तोकेका कार्यहरु गर्नको लागि सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाका संचालक, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरु मध्ये सबै वा कसैको निलम्बन फुकुवा गरी फरफारक सम्बन्धी काममा खटाउन सक्नेछ ।

(३) विशेष प्रशासन समूहले उपदफा (२) बमोजिम काममा खटिन दिएको निर्देशनको पालना नगर्ने व्यक्तिलाई कुनै पनि समयमा बर्खास्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम वर्खास्त भएको व्यक्तिले त्यस्तो बैङ्क वा वित्तीय संस्थाबाट कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

८८ङ. **फरफारक सम्बन्धी कार्यको सूचना र दर्ता**: (१) विशेष प्रशासन समूहले फरफारक सम्बन्धी कार्य प्रारम्भ गरेको दुई दिन भित्र देहायको विवरण सहितको सूचना सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रत्येक कार्यालयलाई दिनु पर्नेछ :-

(क) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफूले नियन्त्रणमा लिई काम शुरु गरेको मिति र समय,

(ख) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको आर्थिक कारोबार गर्ने वा सोको व्यवस्थापन गर्ने वा सो सम्बन्धी निर्देशन दिने साविकको अख्तियार प्राप्त व्यक्तिको अख्तियारी तथा जिम्मेवारी खारेज गरिएको व्यहोरा,

(ग) निक्षेपकर्ताले सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थामा रहेको आफ्नो निक्षेप र तोकिएको बीमा तथा सुरक्षण रकम भन्दा वढी रहेको आफ्नो दावी प्रस्तुत गर्ने तरिका, समय र स्थान,

(घ) निक्षेपकर्ताले बीमा र सुरक्षण भएको आफ्नो निक्षेप फिर्ता पाउने तरिका, समय र स्थान, र

(ङ) सुरक्षित साहूले बाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट प्राप्त गर्नुपर्ने दावी प्रस्तुत गर्ने तरिका, समय र स्थान ।

(२) उपदफा (१) बमोजिमका विवरण सहितको सूचना सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाका सरोकारवालाले जानकारी प्राप्त गर्ने गरी सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचनालाई प्रत्येक हप्ता प्रकाशन हुने गरी चार हप्तासम्म राष्ट्रिय दैनिक प्रत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) विशेष प्रशासन समूहले सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्था फरफारकको प्रकृयामा गएको अवस्था र सो बाणिज्य बैङ्क वा वित्तीय संस्थाको अख्तियार प्राप्त अधिकारी तथा निजको अख्तियारीमा भएको परिवर्तन सम्बन्धी जानकारी बैङ्क, कम्पनी रजिष्ट्रारको कार्यालय, सम्बन्धित धितोपत्र विनिमेय बजार र प्रचलित कानून बमोजिम निक्षेप सुरक्षण गर्न स्थापित संस्था र अन्य सम्बन्धित निकायमा समेत अभिलेखका लागि पठाउनु पर्नेछ ।

८८च. **<u>नयाँ वासलात तयार गर्नु पर्ने</u>** : (१) विशेष प्रशासन समूहले दफा ८८क. बमोजिम फरफारकको प्रकृयामा गएको बाणिज्य बैङ्क वा वित्तीय संस्थाको वास्तविक वित्तीय स्थिति देखिने गरी देहायको आधारमा नयाँ वासलात तयार गर्नु पर्नेछ :-

(क) सम्पत्तिको खुद प्राप्त हुने मूल्यको आधारमा,

(ख) दफा ८८झ. बमोजिम प्राथमिकताका आधारमा वितरण गर्नु पर्ने दायित्वको मूल्यलाई समेत समायोजन गरेर ।

(२) उपदफा (१) बमोजिम नयाँ वासलात तयार गर्दा दायित्व निर्धारण गर्ने तरिका तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको वासलात र सो सम्बन्धी विस्तृत विवरण बैङ्क समक्ष तोकिए बमोजिम पेश गर्नु पर्नेछ ।

८८छ. **<u>बाणिज्य बैक वा वित्तीय संस्थाको वित्तीय स्थिति सुधारको लागि सिफारिस गर्न सक्ने</u>** : (१) यस परिच्छेद बमोजिम कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा शुरु भएको फरफारकको प्रक्रिया सम्पन्न गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिएमा विशेष प्रशासन समूहले सोही व्यहोरा उल्लेख गरी सो अवस्था सृजना हुन नदिनका लागि त्यस्तो संस्थाको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी भविष्यमा चाल्नु पर्ने कदम सहितको प्रतिवेदन तयार गरी बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भए पछि बैङ्कले त्यस्तो वाणिज्य बैंङ्क वा वित्तीय संस्थाको फरफारक गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असर पर्ने देखिन आएमा र नेपाल सरकारले त्यस्तो वाणिज्य बैंङ्क वा वित्तीय संस्थामा लगानी गरेमा वित्तीय स्थिति सुधार हुन सक्ने अवस्था देखिएमा बैङ्कले आफ्नो राय सहित सोही व्यहोरा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम बैङ्कको सिफारिसमा नेपाल सरकारले कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थामा लगानी गरी त्यस्तो बाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थिति सुधार भएमा सुधार भएको मितिले वढीमा पाँच वर्ष भित्र वोलकवोलको माध्यमद्वारा नेपाल सरकारले आफ्नो लगानी भएको रकम निजी क्षेत्रलाई विक्री गरी उठाउनु पर्नेछ ।

८८ज. **<u>पुल संस्था (व्रीज इन्स्टिच्यूसन) वा इकाई स्थापना गर्न सकिने</u>** : (१) दफा ८८ग. को उपदफा (२) को खण्ड (ख) बमोजिम पुल संस्था वा इकाई स्थापना गरी वा तोकी फरफारक सम्बन्धी कार्य सञ्चालन गर्न उपयुक्त हुने देखिएमा विशेष प्रशासन समूहले बैङ्क समक्ष अनुरोध गर्न सक्नेछ । त्यस्तो अनुरोध मनासिब देखिएमा बैङ्कले त्यस्तो पुल संस्था वा इकाई स्थापना गरी वा तोकी फरफारक सम्बन्धी कार्य गर्न अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित संस्था वा इकाइलाई सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको अधिकार, दायित्व, सम्पत्ति तथा त्यस्तो संस्थाले प्राप्त गरेको कुनै भुक्तानी, समाशोधन वा फछर्यौट प्रणालीको सदस्यता समेत रहेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापित संस्था वा इकाइका शेयरधनी, साहु वा कुनै अन्य व्यक्तिलाई सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति वा अधिकारमा कुनै किसिमको अधिकार हुने छैन ।

(४) पुल संस्था वा इकाइको काम, कर्तव्य र अधिकार तथा त्यस्तो संस्था वा इकाइका पदाधिकारीले पाउने पारिश्रमिक र सुविधा बैङ्कले तोके बमोजिम हुनेछ ।

(५) पुल संस्था वा इकाई वा अन्य कुनै संस्थामा सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्नका लागि देहायको कुनै कुरा आवश्यक पर्ने छैन :-

(क) साहू वा कुनै सम्वद्ध पक्षको सहमति लिन,

(ख) प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानूनले तोकेको प्रक्रिया पूरा गर्न, वा

(ग) सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्था पक्ष रहेको कुनै करारमा तोकिएको प्रक्रिया पूरा गर्न ।

८८भ. **भुक्तानीको प्राथमिकताक्रमः** (१) फरफारकको प्रकृयामा रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति विक्रीबाट प्राप्त रकम निक्षेपकर्ता, साहू र विशेष प्रशासन समूहले मूल्याङ्कन गरी भुक्तानी गर्नु पर्ने देखिएका अन्य व्यक्तिहरुलाई भुक्तानी गर्ने तथा रकम छुट्याउने कार्य देहाय बमोजिमको प्राथमिकताका आधारमा गर्नु पर्नेछः-

(क) यस ऐनको व्यवस्थाको कार्यान्वयनका लागि बैङ्क तथा विशेष प्रशासन समूहले गरेका खर्च, कर्मचारीको पारिश्रमिक र सुविधा वापतको खर्च, सो सम्बन्धमा काममा लगाईएका पेशागत व्यवसायीको शुल्क तथा अन्य सम्वद्ध खर्च लगायत फरफारकको प्रक्रियामा गरेको आवश्यक खर्च ।

(ख) निक्षेपकर्ताको कुल स्वीकृत दावी रकमको सीमामा नवढ्ने गरी प्रचलित कानून बमोजिम भएका निक्षेप बीमा सुरक्षण सम्मको रकम वा त्यस्तो निक्षेप रकम कानून बमोजिम स्थापना भएको निक्षेप बीमा सुरक्षण गर्ने संस्थाले निक्षेपकर्तालाई भुक्तानी गरेको भए सो बराबरको रकम ।

(ग) खण्ड (ख) बमोजिम भुक्तानी भई बाँकी हुन आएको निक्षेप ।

(घ) कानून बमोजिम सुरक्षित साहूको रुपमा मान्यता प्राप्त व्यक्तिहरुको स्वीकृत दावी ।

(२) उपदफा (१) मा उल्लिखित क्रम अनुसार भुक्तानी गर्दा कुनै वर्गको स्वीकृत दावीको रकम भुक्तानी गर्न अपर्याप्त भएमा समान वर्गका दावीकर्ताहरुलाई समानुपातिक रुपमा रकम वितरण गर्नु पर्नेछ ।

(३) निक्षेपकर्ता वा सुरक्षित साहूहरुलाई दावीको भुक्तानी गर्दा राष्ट्रियता, बसोबासको स्थान वा क्षेत्राधिकार जस्ता कुनैपनि आधारमा भेदभाव नगरी समानरुपले भुक्तानी गर्नु पर्नेछ ।

(४) समयमै दावी पेश गर्ने सुरक्षित साहूहरुको स्वीकृत दावी सुरक्षणमा रहेको सम्पत्तिको विक्रीबाट प्राप्त रकमले खामेसम्म पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नुपर्नेछ । त्यस्तो सुरक्षणले नखामेको दावी अन्य साहूहरुको दावी सरह हुनेछ ।

(५) दफा ८८ठ. को उपदफा (४) बमोजिम सृजना हुन सक्ने आर्थिक क्षतिपूर्ति सम्बन्धी दायित्व बहन गर्ने प्रयोजनका लागि विशेष प्रशासन समूहले त्यस्तो बाणिज्य बैङ्क वा बित्तीय संस्थाको सम्पत्ति विक्रीबाट प्राप्त भएको रकमको दुई प्रतिशत रकम छुटै खाता खडा गरी जम्मा गर्नु पर्नेछ ।

(६) निक्षेपकर्ता तथा सुरक्षित साहूहरुलाई भुक्तानी गरी उपदफा (५) बमोजिम रकम छुट्याईएपछि बाँकी हुन आउने रकम प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने कर, दस्तुर, शुल्क सो बाणिज्य बैङ्क वा वित्तीय संस्थाको अन्य साहू वा स्वीकृत दावीकर्ताहरु तथा शेयरधनी वा अन्य प्रकारले स्वामित्व ग्रहण गरेका व्यक्तिहरुलाई दफा ८८ण. को उपदफा (३) बमोजिम नियुक्त लिक्विडेटरले प्रचलित कानून बमोजिम तोकिएको प्राथमिकताका आधारमा समानुपातिक रुपमा वितरण गर्नु पर्नेछ ।

८८ञ. **विशेष प्रशासन समूहले बैङ्क वा वित्तीय संस्था नियन्त्रणमा लिएपछिको असर**: (१) विशेष प्रशासन समूहले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था आफ्नो नियन्त्रणमा लिएपछि दफा ८८झ. बमोजिम भुक्तानी प्राप्त गर्न नसक्ने सो संस्थाका निक्षेपकर्ता तथा साहूहरुको दावी र कुनै लेनाको सम्बन्धमा उक्त संस्थाको सम्पत्ति माथिको अधिकार कायम गर्ने कुनै पनि कार्य स्वत: स्थगन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समाशोधन, भुक्तानी र फछ्यौंट प्रणालीमा संलग्न व्यक्तिसँगको कारोबार तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी कार्य र फरफारकको प्रक्रियासंग सम्बन्धित नभएका काम कुराहरु स्थगन भएको मानिने छैन ।

(३) वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई फरफारकको प्रकृयामा लैजाने प्रयोजनको लागि विशेष प्रशासन समूह गठन हुनु भन्दा छ महिना अगावै त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर कुनै दायित्व वा सुरक्षणको अधिकार सिर्जना भएकोमा बाहेक त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै सम्पत्ति, दायित्व वा सुरक्षण उपर कसैको अधिकार सिर्जना भएको मानिने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि फरफारकको प्रक्रिया चलिरहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति माथि विशेष प्रशासन समूहले सिर्जना गरेको कुनै प्रकारको दायित्व वा सुरक्षणलाई बाधा पुऱ्याएको मानिने छैन ।

(५) विशेष प्रशासन समूह गठन भएपछि सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको शेयरधनी वा अन्य कुनै प्रकारको स्वामित्व रहेका व्यक्तिको सम्पूर्ण अधिकार फरफारकको प्रक्रिया समाप्त नभएसम्म स्वत: निस्कृय हुनेछ ।

(६) विशेष प्रशासन समूह गठन भई फरफारकको प्रक्रियामा रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्थाको हकमा धितोपत्र सम्बन्धी प्रचलित कानूनमा रहेका व्यवस्था लागु हुने छैन ।

८८ट. **फरफारक सम्बन्धी कारवाही प्रारम्भ हुनुभन्दा पहिलेका कारवाही निस्कृय हुने**: (१) विशेष प्रशासन समूहले देहायको अवस्थामा बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिमा प्रभाव पार्ने कारोबार वा तेस्रो पक्षसँग सम्बन्धित हस्तान्तरणलाई निस्कृय गर्न सक्नेछ :-

(क) फरफारकको प्रक्रिया शुरु हुनु अगावै सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाका निक्षेपकर्ता वा साहूको हित विपरीत हुने गरी गरेका कारोबार वा सम्झौताहरु,

(ख) फरफारकको प्रक्रिया शुरु भएको मितिले पाँच वर्ष अगाडिसम्म कुनै शेयरधनी, सञ्चालक, पदाधिकारी वा तिनका नातेदारहरुलाई बाणिज्य बैङ्क वा वित्तीय संस्थाले विना मूल्य गरेका कुनै पनि हस्तान्तरणहरु,

(ग) फरफारकको प्रक्रिया शुरु भएको मितिले तीन वर्ष अगाडिसम्म कुनै तेस्रो पक्षलाई बाणिज्य बैङ्क वा वित्तीय संस्थाले विना मूल्य गरेका कुनै पनि हस्तान्तरणहरु,

(घ) फरफारकको प्रक्रिया शुरु भएको मितिले तीन वर्ष अगाडिसम्म बाणिज्य बैङ्क वा वित्तीय संस्थाले तुलनात्मक रुपमा कम प्रतिफल प्राप्त गर्ने वा अर्को पक्षलाई वढी प्रतिफल दिने किसिमले सम्पन्न गरेका कारोबारहरु,

(ङ) फरफारकको प्रक्रिया शुरु भएको मितिले पाँच वर्ष अगाडिसम्म बाणिज्य बैङ्क वा वित्तीय संस्थाका निक्षेपकर्ताको हित विपरित हुने वा अधिकार हनन् हुने गरी गरिएको कुनै कार्य,

(च) फरफारकको प्रक्रिया शुरु भएको मितिले छ महिना अगाडिसम्म सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नु पर्ने कर्जा वापत कुनै व्यक्तिलाई फाईदा पुऱ्याउने उद्देश्यले वा खारेजीको प्रक्रियामा साहूले प्राप्त गर्ने रकम बढाउने उद्देश्यले निजको नाममा भएको सम्पत्ति हस्तान्तरण ।

तर प्रति निक्षेप वीमा र सुरक्षणले खामेसम्मको रकम ननाघ्ने गरी गरिएको निक्षेप बापतको भुक्तानीका सम्बन्धमा यो खण्डको व्यवस्था आकर्षित हुने छैन ।

(२) विशेष प्रशासन समूहले फरफारकको प्रक्रिया शुरु भएको मितिले एक वर्ष अगाडिसम्म बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा निजका नजिकको नातेदारसँग संस्थाको निक्षेपकर्ता तथा साहूको हित विपरित हुने गरी गरिएका कारोबार वदर गर्न वा तिनीहरुबाट सो बापतको रकम असुल गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाले आफ्नो सामान्य कारोबारको सिलसिलामा गरेका वा उचित र पर्याप्त मूल्य आदान प्रदान भएका वा त्यस्तो संस्था फरफारकमा जानु अगाडिसम्म भुक्तानी नभएका कारोबारलाई विशेष प्रशासन समूहले बदर गर्ने छैन ।

(४) उपदफा (१) र (२) बमोजिम वदर गरिएका कारोबार वा हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिले त्यस्तो सम्पत्ति अविलम्ब फिर्ता गर्नु पर्नेछ । सम्पत्ती प्राप्त गर्ने व्यक्तिसँग त्यस्तो सम्पत्ति नरहेको अवस्थामा सो सम्पत्तिको मूल्य बराबरको रकम सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ । कुनै गलत मनसायले त्यस्तो कारोबार गर्ने तथा कारोबार वदर भएपछि सम्पत्ति वा सो बरावरको मूल्य सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थामा अविलम्व फिर्ता नगर्ने व्यक्तिको हकमा निज उपर सुरक्षित साहू सरह दावी कायम रहनेछ ।

(५) विशेष प्रशासन समूहले सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट अस्वभाविक रूपले कम मुल्यमा कुनै व्यक्तिलाई हस्तान्तरण भई त्यस्तो व्यक्तिबाट समेत तेस्रो पक्षमा हस्तान्तरण भएको कुनै सम्पत्तिको हकमा सो को लागत मूल्य दिई फिर्ता लिन सक्नेछ ।

(६) विशेष प्रशासन समूहले फरफारकको प्रक्रिया सञ्चालन गर्दा कुनै पनि किसिमको चल अचल सम्पत्ति वा हक हस्तान्तरण गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ । यसरी विशेष प्रशासन समूहले लेखी पठाएकोमा सम्बन्धित निकायले त्यस्तो चल अचल सम्पत्ति वा हक सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नाममा दाखिल खारेज वा हस्तान्तरण गरिदिनु पर्नेछ ।

(७) कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारकको लागि विशेष प्रशासन समूह गठन भई प्रक्रियामा रहेको अवस्थामा कसैले सो अगावै प्रदान गरेका विद्युत, पानी, टेलिफोन, घरजग्गा, सवारी

साधन जस्ता अन्य वस्तु तथा सेवा बापतको रकम प्राप्त नगरेको कारणले मात्र त्यस्तो वस्तु तथा सेवा बन्द गर्न गराउन हुदैन । त्यसरी प्राप्त वस्तु तथा सेवाको भुक्तानीको हकमा विशेष प्रशासन समूहले फरफारकको प्रक्रियामा जानु अघि कायम रहेको वक्यौता रकम सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी गर्नु पर्नेछ ।

८८ठ. **फरफारक सम्बन्धी अन्य व्यवस्था:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि फरफारकको प्रक्रियामा रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्थासँग सम्बन्धित सबै दावीहरुका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ ।

(२) विशेष प्रशासन समूहको पहुँच र नियन्त्रणको अधिकारमा कसैले बाधा अवरोध, दखल वा हस्तक्षेप गर्नु गराउनु हुदैन । कसैले त्यस्तो कार्य गरे गराएमा विशेष प्रशासन समूहले सम्बन्धित प्रशासन वा प्रहरीलाई आवश्यक सहयोगको लागि अनुरोध गर्न सक्नेछ । त्यसरी अनुरोध भई आएमा सम्बन्धित निकायले आवश्यक सुरक्षाको व्यवस्था गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कार्यालय, सम्पत्ति, अभिलेख, वहिखाता र सूचना प्रविधि प्रणाली माथि विशेष प्रशासन समूहको पहुँच र नियन्त्रण कायम गर्न सहयोग गर्नु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम विशेष प्रशासन समूह वा बैङ्कले गरेको काम कारवाहीमा मर्का पर्ने कुनै पक्षले क्षतिपूर्तिको लागि विशेष प्रशासन समूहले बैङ्कमा प्रतिवेदन पेश गरेको वा कुनै कारणले विशेष प्रशासन समूह विघटन भएकोमा विघटन भएको मितिले साठी दिन भित्र अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(४) अदालतले देहायको अवस्थामा मर्का पर्ने पक्षलाई मनासिव माफिकको आर्थिक क्षतिपूर्ति भराई दिन सक्नेछ :-

(क) फरफारकको क्रममा अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारवाही भएकोमा,

(ख) यस ऐन बमोजिम फरफारकको प्रक्रिया पूरा नगरेकोमा,

(ग) फरफारकको कारवाही गर्दा पर्याप्त आधार र कारण विना गरेकोमा ।

(५) विशेष प्रशासन समूहले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा पारदर्शी एवं न्यायोचित तवरले सम्बन्धित निक्षेपकर्ता तथा अन्य दावीकर्ताको हित हुने गरी गर्नु पर्नेछ ।

(६) फरफारकको प्रक्रियाको सिलसिलामा बैङ्क वा विशेष प्रशासन समूहको प्रतिनिधित्व गर्ने वा निजलाई सहयोग गर्ने व्यक्तिले प्राप्त गर्ने पारिश्रमिक तथा सुविधा बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) फरफारकको प्रक्रियालाई सहयोग पुग्ने गरी बैङ्क वा विशेष प्रशासन समूहको निर्णय कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाका संचालक तथा पदाधिकारीले गरेको कुनै कार्यका विरुद्धमा कुनै निक्षेपकर्ता, शेयरधनी वा साहूले कुनै किसिमको मुद्दा मामिला गर्न पाउने छैन ।

(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारक प्रक्रियाको सम्बन्धमा सो संस्थासंग सम्बन्धित सूचना एवं विवरणहरु कुनै सरकारी वा निजी क्षेत्रको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्राप्त गर्न सक्नेछ । बैङ्कले आदेश दिएमा कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थाको मुख्य व्यवस्थापकीय सूचना, प्रविधि रहने स्थान तथा सो संस्थाले गर्ने संवेदनशील एवं मुख्य कार्य सहितको विवरण बैङ्क समक्ष पेश गर्नु पर्नेछ । त्यसरी बैङ्कले मागेको कुनै पनि सूचना प्रदान गर्नु सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ ।

८८ड. **फरफारक सम्बन्धी कार्यको अन्तिम विवरण पेश गर्नु पर्नेः** (१) विशेष प्रशासन समूहले फरफारक सम्बन्धी कार्य सम्पन्न गरेपछि वा त्यस्तो समूहको म्याद समाप्त भए पछि वा कुनै कारणले सो समूह विघटन भएको पन्ध्र दिन भित्र निजले आफूले सम्पन्न गरेको काम कारवाही एवं सम्बन्धित बाणिज्य बैङ्क वा वित्तीय संस्थाको आम्दानी र खर्चको विवरण, वित्तीय कारोबारको श्रोत एवं सो को उपयोग सम्बन्धी विवरण लगायत बाँकी सम्पत्ति र दायित्वको विवरण तयार गरी परीक्षण गराई सो समेत समावेश गरिएको प्रतिवेदन बैङ्क समक्ष पेश गर्नु पर्नेछ । त्यस्तो प्रतिवेदनमा सो संस्थाका सन्दर्भमा भविष्यमा बैङ्कले चाल्नु पर्ने कदमहरुको सम्बन्धमा आवश्यक सुझाव समेत समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि बैङ्कले सो प्रतिवेदनमा उल्लिखित सुझाव समेतलाई विचार गरी दफा ८८छ. बमोजिम उक्त बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालनको व्यवस्था मिलाउने वा दफा ८८ण. बमोजिम खारेजीको लागि अदालतमा निवेदन दिने विषयमा आवश्यक निर्णय गर्नु पर्नेछ ।

८८ढ. **पारस्परिक सहयोगको आदान प्रदान गर्नेः** (१) विशेष प्रशासन समूहले बैङ्कको पूर्व स्वीकृति लिई कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारकको प्रक्रिया अगाडि बढाउने सिलसिलामा विदेशी मुलुकको सम्बन्धित निकायसंग आवश्यकता अनुसार सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

(२) विशेष प्रशासन समूहले कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारकको प्रक्रियाका सम्बन्धमा बैङ्कको पूर्व स्वीकृति लिइ अर्को मुलुकमा भईरहेको कारवाहीलाई पारस्परिकताको आधारमा सहयोग गर्न वा अर्को मुलुकको अधिकार प्राप्त निकायले गरिरहेको काम कारवाहीलाई मान्यता प्रदान गर्ने गरी आवश्यक कारवाही अगाडि बढाउन सक्नेछ । यस्तो सहयोग गर्दा वा काम कारवाहीलाई मान्यता प्रदान गर्दा दावीकर्ताहरुलाई समान व्यवहार गर्नु पर्नेछ ।

(३) गोपनीयता कायम गर्नु पर्ने तथा सम्वेदनशील तथ्याङ्कहरुको सुरक्षा गर्नु पर्ने अवस्थामा बाहेक विशेष प्रशासन समूहले फरफारकको प्रक्रियामा रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्थाको लेना असुली, फरफारक योजना आदिका विषयमा बैङ्कको पूर्व स्वीकृति लिई विदेशी मुलुकको सम्बन्धित निकायसँग सूचना आदान प्रदान गर्न सक्नेछ ।

(४) नेपालमा स्थापित भई विदेशमा समेत शाखा वा कार्यालय रहेको बाणिज्य बैङ्क वा वित्तीय संस्था वा विदेशी मुलुकमा स्थापना भई नेपालमा शाखा वा कार्यालय रहेको कुनै बाणिज्य बैङ्क वा वित्तीय

संस्थाको फरफारकका सम्बन्धमा बैङ्क तथा निक्षेप बीमा सुरक्षण गर्ने संस्थाले समेत एक आपसमा समन्वय र सहयोग आदान प्रदान गर्न सक्नेछन् ।

(५) बैङ्क तथा निक्षेप बीमा सुरक्षण गर्ने संस्थाले विदेशी मुलुकका सम्बन्धित निकायले गरिरहेको फरफारक तथा सोको योजनाका सम्बन्धमा आपसी सम्झौता गरी फरफारकमा परेको बाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा प्रभाव पार्ने कुनै घटना वा समस्याको बारेमा कुनै जानकारी वा सहयोग माग गरेकोमा त्यस्तो जानकारी वा सहयोग आदान प्रदान गर्न सक्नेछन् ।

(६) यस दफा बमोजिम पारस्परिकताको आधारमा विदेशी मुलुकको केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क वा वित्तीय संस्था वा निक्षेप बीमा सुरक्षण गर्ने संस्थासँग कुनै सहयोग लिनुपर्दा वा समन्वय गर्नु पर्दा सरकारी स्तरबाटै त्यस्तो सहयोग तथा समन्वय आवश्यक परेमा सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाई दिन बैङ्कले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

८८ण. **खारेजीको लागि निवेदन दिन सक्नेः** (१) बैङ्कले कुनै पनि बाणिज्य बैङ्क वा वित्तीय संस्थाका सम्बन्धमा शुरु गरेको फरफारकको प्रक्रिया समाप्त भएमा वा अन्य कुनै कारणले सो प्रक्रिया सम्पन्न नहुँदै सो सम्बन्धमा विशेष प्रशासन समूहले दिएको सुझाव वा अन्य आधारमा समेत त्यस्तो बाणिज्य बैङ्क वा वित्तीय संस्था राम्रोसँग सञ्चालन हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो बाणिज्य बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नका लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बैङ्कले खारेजीको लागि निवेदन दिएकोमा त्यस्तो बाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजीको सम्बन्धमा दामासाही सम्बन्धी ऐन, २०६३ को दफा १० को उपदफा (३) र दफा १३ लागु हुने छैन ।

(३) उपदफा (१) बमोजिम बैङ्कले निवेदन दिएकोमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था खारेजीको लागि अदालतले लिक्विडेटर नियुक्त गर्ने आदेश दिन सक्नेछ ।"

२२. **मूल ऐनको दफा ९० मा संशोधन** : मूल ऐनको दफा ९० को सट्टा देहायको दफा ९० राखिएकोछ :-

"९० **लेखा प्रणालीः** (१) बैङ्कले नेपाल लेखामान अनुसारको लेखा प्रणाली अनुरुप कारोबार र वित्तीय अवस्था स्पष्ट देखिने गरी आफ्नो आय व्ययको बिवरण दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखामानमा समाबेस नभएका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय लेखा मापदण्डलाई आधारको रुपमा लिनु पर्नेछ ।"

२३. **मूल ऐनको दफा ९१ मा संशोधन** : मूल ऐनको दफा ९१ को उपदफा (१) मा रहेका "नाफा नोक्सान हिसाव" भन्ने शब्दहरूको सट्टा "आय व्यय" भन्ने शब्दहरू राखिएकाछन् ।

२४. **मूल ऐनको दफा ९५ मा संशोधन** : मूल ऐनको दफा ९५ को उपदफा (१) मा रहेका "वा त्यस्ता कार्यमा संलग्न भएमा" भन्ने शब्दहरु पछि "वा प्रचलित कानून बमोजिम बैङ्कबाट इजाजतपत्र लिनु पर्नेमा सो नलिई त्यस्तो कारोबार गरेमा वा परिच्छेद-९क. बमोजिमको फरफारकको प्रक्रियामा वाधा पुऱ्याएमा" भन्ने शब्दहरु राखिएका छन् ।

२५. **मूल ऐनको दफा ९६ मा संशोधन** : मूल ऐनको दफा ९६ को सट्टा देहायको दफा ९६ राखिएकोछ :-

"९६. **दण्ड सजाय**: (१) दफा ९५ को उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई उक्त कसूरसंग सम्बन्धित बिगो जफत गरी बिगोको तीन गुणासम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) दफा ९५ को उपदफा (१) वा (२) बमोजिम सजाय गर्दा बिगो कायम गर्न नसकिने अवस्था भएमा कसूरको मात्रा हेरी बढीमा दश लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) दफा ९५ बमोजिमको कसूर कुनै फर्म, कम्पनी वा संस्थाले गरेकोमा त्यस्तो सजाय सो फर्म, कम्पनी वा संस्थाको मुख्य पदाधिकारीलाई हुनेछ ।

(४) दफा ९५ बमोजिमको कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्ति, फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थाको पदाधिकारीलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।"

२६. **मूल ऐनको दफा १०२ मा संशोधन** : मूल ऐनको दफा १०२ मा रहेको "पुनरावेदन अदालतमा" भन्ने शब्दहरूको सट्टा "अदालतमा" भन्ने शब्द राखिएकोछ ।

२७. **मूल ऐनको दफा १०३ मा संशोधन** : मूल ऐनको दफा १०३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएकोछः-

"(४) उपदफा (१) बमोजिम बैङ्कले नियमन गर्दा वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सम्झौता गरी एजेण्ट वा बाह्य श्रोत मार्फत गराउने भुक्तानी, क्लियरिङ्ग र सेटलमेन्ट सम्बन्धी कारोबार समेत नियमन गर्नुका साथै त्यस्तो कारोबारको आवश्यकता अनुसार निरीक्षण तथा सुपरिवेक्षण समेत गर्न सक्नेछ ।"

२८. **मूल ऐनमा दफा १०६क., १०६ख. र १०६ग. थप** : मूल ऐनको दफा १०६ पछि देहायका दफा १०६क., १०६ख. र १०६ग. थपिएका छन् :-

"१०६क. **वाणिज्य बैङ्क वा वित्तीय संस्थामा काम गर्न नहुने** : (१) गभर्नर भईसकेको व्यक्तिले कुनै बाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन ।

(२) डेपुटी गभर्नर आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले सात वर्षसम्म र बैङ्कको कार्यकारी निर्देशक आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले पाँच वर्षसम्म कुनै पनि बाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट नियुक्ति हुने पदमा यो व्यवस्था लागु हुने छैन ।

१०६ख. **विशेषज्ञको सेवा उपलब्ध गराउनु पर्ने** : नेपाल सरकारले अनुरोध गरेमा बैङ्कले आफूसंग भएको विशेषज्ञको सेवा उपलब्ध गराउनु पर्नेछ ।

१०६ग. **नेपाल सरकारले निर्देशन दिन सक्ने** : (१) मुद्रा, बैंङ्किङ्ग र वित्त सम्बन्धमा नेपाल सरकारले बैङ्कलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु बैङ्कको कर्तव्य हुनेछ ।"

२९. **मूल ऐनको दफा १०७ मा संशोधन** : मूल ऐनको दफा १०७ मा रहेका "बैङ्कका कुनै अधिकृत वा कर्मचारी" भन्ने शब्दहरुको सट्टा "बैङ्कका कर्मचारी वा विशेष प्रशासन समूह" भन्ने शब्दहरु राखिएकाछन् ।

३०. **मूल ऐनको दफा ११० मा संशोधन** : मूल ऐनको दफा ११० को उपदफा (२) को खण्ड (ढ) पछि देहायका खण्ड (ढ१), (ढ२), (ढ३), (ढ४), (ढ५) र (ढ६) थपिएकाछन् :-

(ढ१) वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा ।

(ढ२) वाणिज्य बैंङ्क तथा वित्तीय संस्थाहरुको शिघ्र सुधारात्मक कारवाही सम्बन्धमा ।

(ढ३) कर्जा सूचना सम्बन्धमा ।

(ढ४) भुक्तानी तथा हिसाब मिलान सम्बन्धमा ।

(ढ५) फरफारक गर्ने सम्बन्धमा ।

(ढ६) बैङ्कले जारी गर्ने इजाजतपत्रका सम्बन्धमा ।

३१. **खारेजी** : मूल ऐनको दफा ८६, ८६ञ., ८६ट., ८६ठ., ८६ड. र ८६ढ. खारेज गरिएका छन् ।